**महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८० / ०८१ को सेवा र कार्यहरूको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभामा प्रस्तुत मिति २०८०/०३/१०

प्रस्तावना : महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८० / ०८१ को सेवा र कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम महाबु गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाबु गाउँपालिकाको विनियोजन ऐन २०८० रहेको छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८० / ०८१ को निमित्त सचित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित) चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४३,९१,९३,१८१(अक्षेरुपी त्रिचालिस करोड एकानब्बे लाख त्रियानब्बे हजार एक सय एकासी मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त महाबु गाउँपालिका, दैलेखको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तरः चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि १

## (दफा २ सँग सम्बन्धित )

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचित कोषवाट विनियोजन हुने रकम

| | | | | वाँडफाट योग्य | |
|---|---|---|---|---|---|
| **प्राप्तिको स्रोत** | **विनियोजन बजेट रु** | **चालु खर्च** | **पूँजिगत खर्च** | **चालु खर्च** | **पूँजिगत खर्च** |
| संघीय सरकार समानिकरण अनुदान | 82700000 | 0 | 82700000 | | 82700000 |
| संघीय सरकार राजस्व बांडफांड | 82519200 | 82519200 | 0 | 82519200 | |
| संघीय सरकार सशर्त अनुदान | 187900000 | 176500000 | 11400000 | | |
| संघीय सरकार विशेष अनुदान पूँजिगत | 18000000 | 0 | 18000000 | | |
| संघीय सरकार समपुरक अनुदान | 6000000 | 0 | 6000000 | | |
| कर्णाली प्रदेश सरकार समानिकरण अनुदान | 9033000 | 0 | 9033000 | | 9033000 |
| कर्णाली प्रदेश सरकार राजश्व वाँडफाँड | 550981 | 550981 | 0 | 550981 | |
| कर्णाली प्रदेश सरकार सशर्त अनुदान चालु | 16390000 | 16390000 | 0 | | |
| कर्णाली प्रदेश सरकार सशर्त अनुदान पूँजिगत | 9000000 | 0 | 9000000 | | |
| कर्णाली प्रदेश सरकार विशेष अनुदान चालु | 7000000 | 0 | 7000000 | | |
| कर्णली प्रदेश सरकार समपुरक अनुदान पूँजिगत | 14600000 | 0 | 14600000 | | |
| आन्तरिक आय | 5500000 | 5000000 | 0 | 5000000 | |
| **जम्मा** | **439193181** | **280960181** | **157733000** | **88070181** | **91733000** |

अनुसूचि १
(दफा २ सँग सम्बन्धित )

नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषवाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | २९७४९३.१८१ | ११४७०० | | ४१२१९३.१८१ |
| २ | | वडा समिति | ० | २७००० | | २७००० |
| ३ | | ऋणको सावाँ ब्याज भुक्तानी | ० | ० | | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ० | ० | | ० |
| ५ | | जम्मा | २९७४९३.१८१ | १४१७०० | | ४३९१९३.१८१ |

धन्यवाद ।